# धरहरा सम्वतको बारेमा बहस



**ध्रुव प्रसाद गजुरेल**

समयको प्रयोग धेरै पहिले देखी नै हुदै आएको छ । एउटै कुरा एकै किसिमले सोही समयमा बुझ्न, जान्न र थाहा पाउँन सकुन भनेर यसको प्रयोग गरीएको हो । पृथ्वी घुमेर दिन रात हुँदा पनि स्थानिय समय अनुसार भनेर समयलाई मिलाउने कोशीश गरीएका हुन्छन । यसै अनुरुप घडीको आविस्कार गरी समय निर्धारण गरीएको हो । त्यसै गरी दिन, तिथी, मिति, र सम्वत पनि बुझ्न, जान्न र मापन गर्न सजिलो वनाउने गरी विकास हुदै आएका छन । त्यसै सिलसिलामा इस्वि सम्वत, विक्रम सम्वत, नेपाल सम्वत र अन्य सम्वतहरु पनि छन । कुनै सम्वत संग ब्यक्ति जोडीन पुग्दछन भने कुनै सम्वत समय, देश, ऐतिहासीक घटना, स्वाभिमान र कुनै युगसंग जोडीन पुग्दछन । त्यस्तै सम्वतहरु मध्ये प्रस्तावित धरहरा सम्वत पनि एउटा प्रलयकारी समय र त्यस समयले ल्याएको विकराल अवस्थाहरु सोही समय भित्र देश भित्र घट्न गएका ऐतिहासीक, राजनितीक, आर्थीक, सामाजीक लगाएत सम्पूर्ण अवस्थाहरुको प्रतिनीधित्व गर्न सक्ने गरी आएको छ । एक युगमा विरलै आउने एउटा भयाबह समयलाई टपक्क टिपेर महाप्रलय हुन पनि सक्ने सम्भावित क्षण ठानेर सोही दिनलाई एउटा प्रस्थान विन्दु वनाएर त्यस वर्ष भरी देश भित्र घटेका माथी उल्लेखीत गरीएका सम्पूर्ण घटनाहरु, दुःख, कष्ट, पिडा र खुशीयालीहरु यो देश र राष्ट्रका लागी अविस्मरणिय हुन सक्दछन र ती सम्पूर्ण कुराहरुलाई हामी सवैले बुझ्ने र भविष्यमा भावी शन्ततीहरुले पनि थाहा पाउने गरी वुझ्न र वुझाउँन ऐतिहासीक धरोहर धरहराले सक्दछ भनेर धरहरा सम्वतको परिकल्पना गरीएको हो । इतिहासमा बि.सं. २०७२ उल्लेख्य साबित हुन पुगेको छ । विनाशकारी भूकम्प, भोक भोकै खुला आकाश मुनिको बास,  दाता सम्मेलन, नयाँ संविधान घोषणा, संबिधान सभाको अन्त्य, तराई आन्दोलन, भारतीय नाकाबन्दी र त्यसबाट परेका पीडाहरू, नेपालले देखाएको स्वाभिमानी पन, महिला राष्ट्रपती, सभामुख र प्रधानन्यायधीश, चिनसँग भएको ऐतिहासिक पारवाहन सम्झौता आदिकुराहरूले गर्दा बि.सं. २०७२ लाई नयाँ सम्बत नै बनाएर घोषणा गर्दा पनि अविस्मरणीय हुन जानेछ । म आफू धरहरा पुःननिर्माण अभियानमा लागिरहेको हुनाले धरहरा संबत बनाउदा पनि ठिक हुन सक्ने कुरामा ध्यान आकर्षण गराउन चाहान्छु । सोही अनुसार क्यालेण्डर बनाएर यहाँहरु समक्ष पेश गरीएको पनि छ । युगलाई नै परिवर्तन गराउन सक्दछुकी भनेर गएको विनाशकारी भूकम्प त्यसले पुर्‍याएको जन धनको क्षेतीले निकै नै पिडाको महशुस भएको थियो । दैनिक रुपमा Facebook र विभिन्न संचार माध्यम मार्फत ब्यक्त भएका देश भित्रका विभिन्न घटना र लेखहरुलाई संकलन गरेर नेपाली राजनितिका ३ शिखर पुरुषहरु  तत्कालीन सम्माननीय प्रधानमन्त्री

पुष्पकमल दाहाल, नाकावन्दिका समयमा यो देशका प्रधानमन्त्री तथा तत्कालीन प्रमुख प्रतिपक्षी दलका नेता हालका सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओली र भुत पुर्व सम्माननीय प्रधानमन्त्री तथा हालका प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाको साथै नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ कुलपती गंगाप्रसाद उप्रेती सहितको शुभकामना सहीत प्रकाशित भएको पुस्तक इतिहासमा वि.सं. २०७२ (धरहरा पुन निर्माण कार्यका लागी समर्पण गरीएको पुस्तक) वरिष्ठ हास्यकलाकार मदनकृष्ण श्रेष्ठले विमोचन गरे पश्चात नै उल्लेख्य रुपमा विकी भई त्यसवाट संकलीत रकम तत्कालीन राष्ट्रिय पुननिर्माण प्राधिकरणका अध्यक्षलाइ बुझाइएको र उक्त अभियानले धरहराको खातामा रकम जम्मा हुने कम जारी नै रहेको छ । देश विदेश वाट धरहराको खातामा रकमहरु प्राप्त भैरहेका छन । धरहरा वनाउन सहयोग पुगोस भनेर कलाकारहरुसंग मिलेर गाइजात्राको अवसरमा हनुमानको नेपाल यात्रा र तिहार पर्वको अवसरमा धरहरा बनाउन देउसी भैलो छायङ्कन गरी youtube मा upload गरीएको र सो हेरे वापतका रकम धरहराको खातामा जम्मा हुने गरी Youtube सेव प्रदायक कंपनीसँग सम्झौता पनि गरीएको छ । उक्त भिडीयो हेरेर धरहरा बनाउन सहयोग गरीदिन हुन अनुरोध छ । धरहरा पुननिर्माण अभियान कार्य सम्पन्न नभए सम्म यो अभियान हामी सवैको साझा अभियानको रुपमा चलिरहने छ ।



नेपाल भित्र चलिरहेका नारी सम्वन्धी विभिन्न कुरुती, कुसस्कारहरुलाइ समेटेर फिजराल्डको शैली अनुसार रचना गरी प्रकाशीत भएको नेपाली साहीत्यको पहिलो पुस्तक ऋतु मार्फत सार्वजनिक भएको प्रस्तावित धरहरा सम्वतको वारेमा आज वहस चलिरहेको छ । धरहरा सम्वत किन ? यस प्रश्नको जवाफ दिन पर्ने अवस्था सृजना भएको पनि छ । जुन सवै नेपालीहरुको सरोकारको विषय पनि हो ।

माथी शुरुमा उल्लेख गरीएका वि.सं. २०७२ सालका सम्पूर्ण घटनाहरुलाइ अविष्मरणिय वनाउने र भावी पुस्ताहरुलाई यस वारेमा जानकारी गराउने भन्दैमा पनि कयौलाई चित्त नवुझ्न पनि सक्दछ । प्रश्न उठ्न सक्दछ कुनै पनि नयाँ घटना घट्ने वित्तिक्कै नयाँ सम्वत बनाउदै जाने हो भने एक दिन सम्वतै सम्वतले कापीका पानाहरु पनि भरीन पनि सक्दछ सो वारेमा यथार्त र सत्यताको पनि जानकारी हुन पर्ने हुन्छ । ठिक वेठिक के हो पहिचान गर्नुपर्ने अवस्था आउन सक्दछ । त्यसकारण कुन जगमा टेकेर नयाँ सम्वत आगाडी सारीएको छ ? कति अवधी सम्मको कुराहरुलाई त्यसले प्रतिनिधित्व गर्न सक्दछ ? ती घटनाहरुले भविष्यमा के कस्ता कुराहरुमा सहयोग पुर्‍याउदछन ? कती नेपालीहरुको भावनाको प्रतीनिधीत्व गरेको छ त्यसले भन्ने वारेमा पनि जानकारी हुनुपर्दछ । कुनै अकल्पनिय घटना, प्राकीतिक विपद र सोही समयमा भएका ऐतिहासीक, राजनितीक, सामाजीक, आर्थीक घटनाहरु जसले मुलकलाई नयाँ युगमा फट्को मार्ने कोशीष गरीरहेको हुन्छ ती सम्पूर्ण कुराहरुलाई प्रतिनिधित्व गर्न सम्ने क्षमतावान शक्तिको खोजी गदै जाँदा हामी सवैको ऐतिहासीक धरोहर धरहराले माथी उल्लेख गरेका सम्पूर्ण मुर्त वा अमुर्त सवै कुराहरुको प्रतिनिधित्व गर्न सक्ने भएको कारणले गर्दा उक्त नयाँ सम्वतलाई धरहरा सम्वत भनेर अगाडी सारीएको हो । केही दिन अगाडी Nokia लगाएतका कम्पनीहरुले चन्द्रमामा Internet पुर्‍याउने भन्ने समाचार प्रकाशीत भएको खवर चर्चा पाएको थियो जुन कुरा इतिहासमा वि.सं. २०७२ पुस्तकमा World cup in Mass र हाल धरहरा सम्वत सार्बजनीक भएको ऋतु पुस्तकका तलका हरफबाट पनि थाहा पाउन सकीन्छ उक्त कुरा Nasa लाई पनि जानकारी गराइएको थियो । आज नेपालमा मात्र नभई चन्द्रमा वा मंगल ग्रहमा पनि साङ्केतीक धरहरा बनाउन पर्ने आबश्यकता महशुस हुन थालेको छ

सवैको घर एउटै आकाशमा रहेकोछ
जहाँ धेरै तारा, ग्रहहरु पनि रहेकोछ
        पृथ्वीभरमा इन्टरनेट पुगे जसोगरी
अव सम्पूर्ण ग्रहहरुमा पुग्ने भएकोछ ।

अवको विश्वकप मङ्गल ग्रहमा हुदैछ
अन्य ग्रहवाट पनि त्यो हेर्नलाई मिल्नेछ
        हाम्रा घरका TV स्कीनहरुमा चाडै अव
मङ्गल ग्रहवाटै प्रत्यक्ष प्रसार हुनेछ ।

विश्व सम्पदा सुचिमा रहेको ऐतिहासीक धरोहर धरहरा विनाशकारी भूकम्पले ढलेर पनि हामी सवैको मानस पटलमा ठडिइरहेको भान भैरहेको छ आज । हामी सवैको माया पाएर झन झन अग्लो र वलियो हुदै गएको छ धरहरा, अव कुनै पनि भूकम्पले नष्ट गर्न सक्दैन यसलाई । गिटी कुटेर जिवन निर्बाह गर्ने माइली तामाङ्ग जस्ता कयौ नेपालीहरुले सहयोग गरीएकाछन यस अभियानलाई । विदेशबाट पनि सहयोग प्राप्त भइरहेको छ धरहरालाई बनाउनलाई । अव धरहराले सिङ्गो देशको प्रतिनिधित्व गर्न

लागेको आभास भएको छ हामीलाई। धरहरा सम्वतमा उल्लेख गरीएका महिना र वारहरुले पनि अनेकौ महत्वपूर्ण अर्थ बोकेका छन र नेपालीहरुको शीरलाई उचा राख्दै जानेछन पनि। हिमाल, पहाड र तराई पुरै देशलाई धरहरा सम्वतले प्रतिनिधीत्व गर्न सफल भएको छ। सम्पूर्ण नेपालीहरुको पहिचान, नेपाली पन र स्वाभिमानको शन्देसलाई विश्व जगतमा दिन सफल पनि भएको छ धरहरा।

पुरातात्वीक हिसावले धरहराको आफ्नै महत्व रहेको छ। त्यसको वनावट, धरहरा वनाउदा प्रयोग गरीएको माटो, इटा, ढुङ्गाहरु, कला र शैली त्यसवेलाका किम्वदन्तीहरु, उपत्यका भित्र रहेका सम्पूर्ण मन्दिर, गुम्वा, चर्च र मश्जिदहरु सवैको प्रतिनिधित्व गर्न सक्दछ धरहरा। जसले सम्पूर्ण उपत्यकालाई महाभारतको एकलब्बेले झै नियालीरहेको थियो, धरहराबाट देखिन्छ है! भनेर मानीसहरु गल्ती गर्न डराउँदथे त्यसवखत। त्यसकारण सत्य र यतार्थताको प्रतिनिधि हो धरहरा। सवै धर्महरुको साझा थलो हो धरहरा, राष्ट्रियता र स्वाभिमान हो धरहरा, जसले एउटा नयाँ सम्वत धरहरा सम्वतको प्रतिनिधित्व गर्न सक्दछ भनेर अगाडी सारीएको छ जुन हामी सवैको गौरवको विषय पनि हो।




नयाँ सम्वत नै उठाउन सक्ने धरहराले पर्यटकहरुलाई धरहरा हेर्नको लागी आकर्षण समेत गराउदछ। धरहरा र धरहरासंग जोडीन पुगेका महिना र वारहरु हेर्नको लागी मात्र भनेर पनि पर्यटकहरु नेपाल आउदछन साथै अन्य क्षेत्रको भ्रमण समेत गर्दछन यसले पर्यटन व्यवसायमा सहयोग पुग्ने देखीन्छ।

रोजगारीको समेत अवसर प्राप्त हुनेछ । प्रति व्यक्ति आए पनि बढ्न जाने देखीन्छ । **नयाँ नेपाल, नयाँ धरहरा र विकास**का शन्देशहरुले यो मुलुकलाई आधुनिक आश्चर्य सूची भित्र पार्नको लागी पनि सफल हुनेछ कुनै दिन ।

महाभूकम्प गएर पनि १९९० सालको वारेमा धेरै कुराहरु वाहीर आउन नसकेका कारणले भूकम्प प्रतिरोधी संरचनाहरु बन्न पनि सकेनन र मानीसहरु सुसुचित हुन पनि सकेका थिएनन । त्यसकारण आउदा भावी पुस्ताहरुले पनि विगतका घटनाहरु लाई सजिलै सँग बुझ्न सक्नेछन किन आएको रहेछ धरहरा सम्वत भनेर । धरहरा सम्वत एउटा युगको दस्तावेज बन्न सक्नेछ जसले तपाइ, हामी र भावी पुस्तालाई भूकम्पका कुराहरु लगाएत धेरै माथी उल्लेख गरीएका कुराहरुको वारेमा जानकारी प्राप्त हुनेछ । त्यसकारण एउटा क्षमतावान शक्तीको रुपमा धरहरा सम्वत हाम्रो सामु आएको छ ।

धरहरा सम्वतमा  तिथी, मिति, विवाह, ब्रतवन्ध र लगनहरुका बारेमा के हुनेछ धरहरा सम्वतमा ? हामी नेपालीहरुले मानी आएको वि. सं. का तिथी, मितिहरु जसरी इ.सं., नेपाल सम्वत, लोशार वा अन्य सम्वतहरु संग मेल खान गएको छ त्यसैगरी धरहरा सम्वतमा रहेका तिथि र मितिहरु मेल खान पुगेका छन जस्तो २०७५ साल बैशाख १ गते शनिवार बाट वि. सं. अनुसार नयाँ सम्वतको शुरुवात हुनेछ सो दिन धरहरा सम्वत ००३ सालको एकता महिनाको २० गते साझावार अर्थात इ. सं. २०१८ को अप्रिल १४ तारीकको Saturday पर्न जानेछ । त्यसको ठिक १२ औ दिनका दिन अर्थात २०७५ बैशाख १२ गते बिनाशकारी भूकम्प गएको दिन धरहरा सम्वत ००४ साल १ गते शुभवार बाट नयाँ सम्वतको शुरुवात हुन जानेछ । संयोगले धरहरा सम्वतको यस बर्षको पहीलो वार शुभवार पर्न गएको छ । इ. सं. अनुसार April 25 2018, Wednesday पर्न गएको छ । यसरी सवै दिन तिथि, मितिहरु मेल खान गएका छन । यस बाट के प्रष्ट हुन सकिन्छ भने विनाशकारी भूकम्प गएको दिन वि.सं. २०७२ बैशाख १२ गतेलाई धरहरा सम्वतको पहिलो दिन मानीएको छ  । तिथि, मिति, हाम्रा धर्म सस्कृती र रितीरिवाजहरुलाइ तोडमोड  गर्न खोजीएको पनि छैन । जस्तै विजया दशमीको घटस्थापनाको दिन वि. सं. अनुसार २०७५ सालको अशोज महिनाको २४ गते बुधवार पर्दछ, धरहरा सम्वत अनुसार ००४ सालको संविधान महिनाको १३ गते शुभवार  त्यस्तै इ.सं. अनुसार Octeber 10 2018, Wednesday पर्दछ । त्यसैगरी भाइटिका, छट, लोशार, इद, वकरिद र क्रिसमसका सबै दिनहरु पनि मिल्न गएका छन उदाहरणको लागी वि.सं.मा भएको आइतवार, अंग्रजी सम्वतको Sunday र धरहरा सम्वतको सूर्यवार जव एउटै दिन हो भनेर कल्पना गरीन्छ  र वि.सं. को बैशाख/जेठ महिना, इ.सं. को March/April महिना र धरहरा सम्वतको सगरमाथा महिना एउटै महिना हुन भनेर कल्पना गरीसकेपछी कहि कुनै तिथि, मिति फरक पर्न जादैनन र गएका पनि छैनन त्यसकारण सम्पूर्ण चाडपर्व, रितिरीवाज, जात्रा मात्राहरुमा फरक परेको देखीदैन र फरक पनि पर्दैनन ।

पुस्तक तयार गर्दा तत्कालीन राष्ट्रिय पुननिर्माण प्राधिकरणका अध्यक्ष र विमोचन हुदाका बखतका अध्यक्ष दुवै जनाका शुभकामना सहित, सांसद रामविर मान्नधर र वरिष्ठ हाँस्यकलाकार मदनकृष्ण श्रेष्ठबाट वि.सं. २०७४ माघ १ गते, धरहरा सम्वत ००३ काष्ठमाण्डप महिनाको २० गते र

Janabary 15, 2018 भूकम्प दिवसको दिन पारेर विमोचन भएको ऋतु पुस्तक र सोही पुस्तक मार्फत सार्वजनीक हुन गएको धरहरा सम्वतलाई नेपाल सरकारवाट मान्यता दिलाउन सहयोग गरीदिने भन्नेवारेको तारकेश्वर न.पा. ३ नं वडा कार्यलयले नेपाल राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई लेखेको पत्र र सम्पूर्ण कागजातहरु राष्ट्रिय पुननिर्माण प्राधिकरणले संस्कृती, नागरीक उड्यान तथा पर्यटन मन्त्रालयमा पठाइसकेको र तारकेश्वर नगरपालीकाले धरहरा सम्वत धरहरा बनाउन सहयोग गर्नेहरु, शुभेच्छुकहरु सम्पूर्ण नेपाली जनताहरु र तारकेश्वर नगरपालीको समेत सम्पती भएको हुनाले उक्त धरहरा सम्वतको फाइललाई अगाडी बढाई सहयोग गरीदिन हुन गरेको सिफारीस पत्र र धरहरा सम्वत ००४ तथा वि. सं. २०७५ को रंगीन प्रस्तावित क्यालेण्डर समेत संस्कती नागरीक उड्यान तथा पर्यटन मन्त्रालयमा पेश भैसकेको र २०७२।१२।१९ गते माननीय संस्कृती मन्त्रीज्यू रवीन्द्र अधिकारीसमक्ष नमुना क्यालेण्डर सहीत धरहरा सम्वतको बारेमा जानकारी समेत गराइसकेको हुनाले उक्त धरहरा सम्वतलाई नेपाल सरकारवाट मान्यता दिएमा वि. सं. २०७२ का घटनाहरु अविष्मरणीय हुन जाने, ऐतिहासीक धरोहर धरहराको महत्व बढ्न जाने, पर्यटकीय, धार्मीक र सांस्कृतीक हिसावले पनि विश्वभर धरहराले स्थान पाउन सक्ने देखीएको हुनाले धरहरा सम्वतलाई नेपाल सरकारबाट मान्यता पाउँन उपयूक्त देखीएको छ । हामी सवै धरहरा पुननिर्माण अभियानमा सहयोग गर्नेहरु लगाएत सम्पूर्ण नेपालीहरुको साझा आवाज हुन गएको छ धरहरा सम्वत । नेपाली दाजुभाई, दिदीबहिनीहरु सबैलाई यस कार्यमा हातेमालो गर्दै ब्यापक समर्थन जुटाईदिनहुन हार्दीक अनुरोध गर्दछु ।

लेखक गजुरेल धरहरा पुननिर्माण अभियानमा निरन्तर जुटीरहनुभएको छ ।